# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः २७ कार्यपालिकाबाट पारित मितिः २०८०।०९।१७

प्रमाणिकरणः२०८०।१०।१२

प्रकाशन मितिः २०८०।१०।१२

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०७७

(चौथो संशोधन, २०८० )

**१. दफा ४ उपदफा (झ) मा उल्लेखित तपसिलको बुदा नं. २ संशोधन**

२. सहायक पाँचौ स्तर (सब-इन्जिनियर र सर्वेक्षक) मासिक रु. ९०००।-

**२. दफा ४ मा उपदफा (ठ) थप गर्नुपर्नेः**

(ठ) सरकारी सवारी साधन प्रयोग नगर्ने शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुख, कृषि सेवा तथा इन्जिनियरिङ्ग सेवाका प्राविधिक कर्मचारी लगायत नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक प्रशासन शाखा, प्रशासन, योजना तथा अनुगमन र भण्डार उपशाखामा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा १५ (पन्ध्र) लिटर इन्धन र वार्षिक रुपमा एक पटक वैशाख महिनामा सवारी साधन मर्मत सम्भार खर्च वापत रु. ८,०००।- (अक्षरेपि आठ हजार मात्र) रकम एकमुष्ठ उपलब्ध गराइनेछ ।

**३. दफा ५ मा संशोधनः प्रोत्साहन पुरस्कार**

(१) नगर कार्यपालिका कार्यालय अन्तर्गत कम्तिमा एक वर्ष काम गरेका कर्मचारीहरु मध्येबाट वार्षिक रुपमा उत्कृष्ठ कार्य सम्पादन गर्ने ५ (पाँच) जना कर्मचारीहरुलाई उत्कृष्ट कर्मचारीको रुपमा जनही रु. १०,०००।- (अक्षरेपि दश हजार मात्र) नगद तथा प्रशंसापत्र र १ (एक) जना कर्मचारीलाई सर्वोत्कृष्ट कर्मचारीको रुपमा जनही रु. २०,०००।- (अक्षरेपि बिस हजार मात्र) नगद तथा प्रशंसापत्र सहित सम्मान गरिनेछ।

(२) उत्कृष्ट तथा सर्वोत्कृष्ट कर्मचारी छनौट गर्नका लागि नगर कार्यपालिकाले जनप्रतिनिधि तथा कर्मचारी सहितको छुट्टै समिति गठन गर्न वा सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई जिम्मेवारी दिन सक्नेछ ।

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम सम्बन्धी कार्यविधि, २०७७ चौथो संशोधन, २०८०)